# बगैचा सरसफाई तथा मल हाल्ने

अनावश्यक झारपात गोडमेल गर्ने, सुन्तलाको बोटलाई घाम छेक्ने र बोटमा आएका ऐजेरु, झ्याउ र आकाशेबेलीका लहराहरू हटाउने र झरेका फल जम्मा गरि नष्ट गर्ने आदि क्रियाकलापद्वारा बगैचा सफा राख्नु पर्छ ।

## ध्यान दिनुपर्ने कुराहरु


- मुख्य खाधतत्व तान्ने जरा (feeder roots) जमिन भन्दा १० से मि तल फैलिने हुनाले धैरै गहिराईमा मलखाद दिनु हुन्न ।
- रासायनिक मल हाल्दा मूल फेदमा नपर्ने गरि हाल्नु पर्दछ भने नकुहिएको/नपाकेको प्राङ्गारिक मल जरामा दिनाले नकारात्मक प्रभाव पर्न जान्छ ।
- प्राङ्गारिक मल हाल्दा नया पालुवा आउन भन्दा अलिकति अघि (पुस-माघ) र रासायनिक मल हाल्दा नया पालुवा आउनासाथ हाल्नु पर्छ ।
- सुक्ष्म खाधतत्व माटोमा मिसाएर वा स्प्रे गरेर पूर्ति गर्न सकिन्छ । सुक्ष्म खाधतत्व स्प्रे सम्भव भएसम्म एक महिना अन्तरालमा पटक पटक छरेको बढी प्रभावकारी हुन्छ ।
- जरा/काण्ड कुहिएको बोटहरुमा सामान्यता विभिन्न खाधतत्व कमीका लक्षणहरु देखिने गर्दछ ।
- मलको मात्रा बिरुवाको उमेर, माटोको अवस्था र भौगोलिक अवस्थामा पनि भर पर्छ ।

| बिरुवाको उमेर(वर्ष) | युरिया : डी ए पी : पोटास (ग्राम) |
|---|---|
| १ | ५०:२५:५० |
| २ | १००:५०:१०० |
| ३ | १५०:७५:१५० |
| ५ | २५०:१२५:२५० |
| १० वर्ष | ५००:२५०:५०० |


नाइट्रोजन युक्त मल एकै पटक नभई Split dose (१. फूल फुल्न भन्दा १५ दिन अघि २. फलको साइज बढ्ने बेला ) मा दिएको उपयुक्त हुन्छ ।









काँटछाट गर्नु अघि




काँटछाट गरेपछि



# बोटको काँटछाट

**काट्ने समय**


- सामान्यता सुन्तालाजात फलफूलको काँटछाट फल लिईसके पछि हिउद महिना(पुष-माघ ) मा गरिन्छ ।
- चोर हाँगा तथा रोग किरा लागेको हाँगा जतिबेला पनि हटाउन सकिन्छ ।

**काट्ने तरिका**

- मूल हाँगा लामो भई काँटछाट गर्नुपर्दा उक्त हाँगा नुहाउदा जहाँबाट नुहिन्छ त्यहि भागबाट काट्ने तर नया पलाउने मुना बाहिरपट्टि पार्नुपर्छ ।
- मझौला रुखमा जमिनभन्दा ५० से मि माथि सम्मको हाँगाहरु र ठुला रुखमा करिब १ मिटरसम्मको हाँगाहरु सबै हटाउन पर्छ ।
- सुकेका, लत्रेका, निहुरिएका, रोगि हाँगा, लछारिएका, खप्टिएका, घाम नपर्ने र चोर हाँगा (च्याप्टो डाठ भएको) सबै हटाउनुपर्छ ।
- हाँगा काट्दा घाउ सानो पर्ने गरि, नलछारिकन काट्नु पर्छ भने काटे लगतै बोर्डो पेष्ट लगाउनु अनिवार्य हुन्छ ।

# बेसिन बनाउने

- ४-५ वर्ष भन्दा बढी उमेरका बिरुवा वरिपरी करिब १-१.५ मिटर मा बेसिन तयार गरि जरा नकाटिने गरि मलजल गर्नु उपयुक्त हुन्छ ।



# सुन्तला बगैचा व्यवस्थापन



**लेखक**

विनोद हमाल (प्रमुख, अधिकृतस्तर दशौं)

विकाश वि क (बागवानी विकास अधिकृत, सातौं तह)

**गण्डकी प्रदेश सरकार**

**कृषि ,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

## कृषि ज्ञान केन्द्र,स्याङ्जा

www.syangja.akc.gov.np

akcsyangja@gmail.com

०६३-४२०१३०

# सिचाई, निकास र मल्चिंङ व्यवस्थापन

## सिचाई

- बगैचामा मल राखे लगतै यदि माटो सुख्खा छ भने सिचाई अनिवार्य हुन्छ ।
- वर्षात सकिए लगतै करिब मंसिर/पुस सम्म माटोमा चिस्यान पुगेपनि पुस देखि चैत्र/बैशाख सम्म सुख्खायाममा सिचाई गर्नु पर्छ नत्र सुन्तलाको वृद्धिविकास र उत्पादन घट्न जान्छ ।
- सुन्तलामा सकेसम्म माटोमा चिस्यानको मात्रा हेरी गर्मीमा १५ दिनको अन्तराल र जाडोमा १ महिनामा सिचाई दिनु उपयुक्त हुन्छ ।
- नया पालुवा पलाउने बेला, फूल फुल्ने/दाना लाग्ने बेला र फलका दानाको साइज बढ्ने बेला सुन्तलामा सिचाई अनिवार्य गरिनुपर्छ ।
- सिचाई गर्दा बेसिन बनाएर जरामा पानी नजम्ने गरी गर्नुपर्छ ।



## निकास

- सुन्तलामा सिचाई संगसंगै निकासको प्रबन्ध गर्नु अपरिहार्य छ नत्र भने पानी जमेर जरा र काण्ड कुहिने समस्याले गर्दा बिरुवामा खाधतत्वको कमिका लक्षणहरु देखिन थाल्छन ।

## मल्चिंङ

- सुन्तला बोट वरिपरी प्राङ्गारिक मल्चिंङ (पात पतिंगर, धानको भूसा, झारपात आदि- कम्तिमा ३ इन्च बाक्लो) र प्लास्टिक मल्च दुवै प्रयोग गर्न सकिन्छ ।
- सामान्यता मल्चिंङ भदौ/असोजमा गरेर वर्षात सुरु हुन अघि लगतै हटाई हाल्नु पर्छ नत्र मल्चिंगले गर्दा जरा वरिपरी अक्सिजनको कमि, अत्याधिक तापक्रम र आद्रता बनाई बोटको वृद्धिविकासमा नकारात्मक प्रभाव पार्दछ ।




# बगैचाभित्र खनजोत र अन्तरबाली



- सुन्तला बगैचामा छोटो समयमा र कम गहिराईमा जरा विकास हुने खालका बालीहरु जस्तै काउली, बन्दा, साग, लसुन, प्याज आदि बोटको वरिपरी तयार गरिएको बेसिन भन्दा पर जरालाई असर नपर्ने गरि सामान्य खनजोत गरेर गर्न सकिन्छ ।
- तर मिनीटिलर/कोदाली ले जरा काटिने गरि खनजोत गर्दा पछि वर्षायाममा जरा कुहिने र लगतै बोटहरु पहेलो हुने/सुक्ने हुन्छ ।

# बोर्डो पेष्ट र बोर्डो मिश्रण तयारी

## बोर्डो पेष्ट

- १ के जी निलो तुथोलाई ५ लिटर पानीमा र १.५-२ के जी चुनलाई अर्को ५ लिटर पानीमा छुट्टा छुट्टै बाल्टीमा राम्ररी घोल्ने ।
- एउटा १० लिटरको बाल्टीमा एकैपटक निलो तुथो र चुनाको घोल विस्तारै संगसंगै हाल्ने र मज्जाले घोल्ने ।
- यसरी तयार गरेको बोर्डो पेष्टमा ४००-५०० मि लि आलसको तेल हालेर प्रयोग गरेमा पानीले नबगाउने र कत्ले किरा कम गर्छ ।
- काँटछाँट गरे पछि र बोटको फेद, बोक्रा कुहिएको भागमा बोक्रा फालेर बोर्डो पेष्ट लगाउन सकिन्छ ।

## बोर्डो मिश्रण

- १०० ग्राम निलो तुथोलाई ५ लिटर पानीमा र १५०-२०० ग्राम चुनलाई अर्को ५ लिटर पानीमा छुट्टा छुट्टै बाल्टीमा राम्ररी घोल्ने ।
- एउटा १० लिटरको बाल्टीमा एकैपटक निलो तुथो र चुनाको घोल विस्तारै संगसंगै हाल्ने र मज्जाले घोल्ने ।
- यसरी तयार गरेको बोर्डो मिश्रणलाई सुन्तला बगैचामा ढुसीजन्य रोग नियन्त्रण गर्न पात भिज्ने गरि स्प्रे गर्नु पर्छ ।





# खनिज तेल स्प्रे

- बोटको पातको दुवै भाग राम्ररी भिज्ने गरी खनिज तेल (सर्भो तेल) ५-१० मिलि प्रति लिटर पानीमा मिसाई १/१ महिनामा स्प्रे गर्नाले लाही, पतेरा, मिलिबग, सिल्ला, कत्ले किरा र लिफ माइनर किराको प्रकोप कम गर्न सकिन्छ ।



# बाली संरक्षण

- **क्याराथेन २ मिलि प्रति लिटर** : खराने/धुले ढुसी
- **१% बोर्डो मिश्रण स्प्रे** : खराने/धुले ढुसी, क्यान्कर, दादे रोग, गूँद निस्कने
- **कासुगामाइसिन २ मिलि प्रति लिटर** : कोत्रे रोग
- **बोर्डो पेष्ट लगाउने** : पिंक रोग, जरा/फेद कुहिने रोग
- **सर्बो तेल ५-१० मिलि प्रति लिटर** : कत्ले किरा लगायत अन्य रस चुस्ने किराहरु
- **इमिडाक्लोप्रिड ०.३-०.५ ग्राम प्रति लिटर** : कत्ले किरा, पतेरा, मिलि बग लगायतका रस चुस्नेकिराहरु र पात खन्ने किरा
- **फेनीट्रोथिएन ०.५ ग्राम प्रति लिटर वा बुप्रोफेजिन १ ग्राम प्रति लिटर पानी** : हरियो पतेरा
- **प्रोटिन चारोयुक्त पासो (प्रोटिन चारो र मालाथियन १०:१ मा १५ दिनको अन्तराल वैशाख अन्तिम-असारमा प्रयोग गर्ने)**: फल कुहाउने औसा नियन्त्रण

५० ग्राम प्रोटिन चारो, २० मिलि मालाथियन र १० मिलि स्टिकर लाई १० लिटर पानीमा मिसाई सुख्खा र घाम लागेको समयमा प्रत्येक दोस्रो बोटमा ५० मिलि छर्ने

